**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०७ नवम्बर २०२५**
**समयः १८:५० - १९:०० बजे**

**मुख्य समाचार**

१. प्रधानमंत्री नरेन्द्र मोदीले बंकिमचन्द्र चट्टोपाध्यायद्वारा रचित तथा रविन्द्रनाथ ठाकुरद्वारा गाईएको राष्ट्रिय गीत वन्देमारमको १५० औं वर्ष पूरा भएको उपलक्ष्यमा वर्षभरी चल्ने स्मरण महोत्सव उद्घाटन गर्नुभयो।

२. पश्चिम बंगालमा वन्दे मातरम स्मरण रैलीहरू विभिन्न स्थानमा निकालियो। मिरिकमा भव्य रैली निकालियो।

३. मानव तस्करी र देह- व्यापार रैकेटको भण्डफोड गर्दै ई.डीले कोलकाता र सिलीगुड़ी का ८ भन्दाबढ़ी स्थानहरूमा छापामारी गरेको छ।

**४.** चुनाव आयोगको टिमले आज दार्जीलिङ पहाड़, तराई तथा जलपाईगुड़ी जिल्लामा एसआईआर कार्यप्रगति समीक्षा बैठक भयो।

५. पश्चिम बंगालका राज्य सरकारका प्रत्येक स्कूलमाअनिवार्य गाउनु पर्ने बांगलार माटी ,बांगलार जल जीटिए क्षेत्रमा लागु नहुने।

६. विश्व कप विजेता महिला क्रिकेट टिम की खेलाड़ी रिचा घोष आफ्नो घर सिलगड़ी फर्किन्दा आज भव्य स्वागत गरियो।

**बन्दे मातरम १**

बन्दे मातरम राष्टिय्र गीतको १५० वर्ष पूरा भएको उपलक्ष्यमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी राधाकृष्णन तथा प्रधानमंत्री नरेन्द्र मोदी लगायत कैयन मंत्रीहरू , मुख्यमंत्रीहरू र राज्यपालहरू लगायत विभिन्न दलहरूको नेताहरूले बन्देमातरम गीत गाएर यसको स्मरण गरेका छन्। यसै क्रममा प्रधानमंत्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा बन्दे मातरम राष्ट्रिय गीतले १५० औं वर्ष पूरा गरेको उपलक्ष्यमा एक वर्ष सम्म चल्ने स्मरण महोत्सवको उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले एउटा स्मरण डाक टिकट अनि सिक्का पनि जारी गर्नुभयो। यस अवसरमा उहाँले बन्देमातरम १५०. ईन पोॅटल को पनि शुभारम्भ गर्नुभयो। मानिसहरूले पूर्ण बन्देमातरम गीत गाएर आफ्नो भीडियो अपलोड गरि प्रमाण पत्र प्राप्त गर्न सक्छन्। यस अवसरमा आफ्नो संबोधनमा श्री मोदीले बन्दे मातरम, एउटा ऊर्जा एउटा सपना र एउटा संकल्प हो भनी बताउनुभयो। उहाँले भन्नुभयो-

बाईट

उहाँले बन्दे मातरम एउटा राष्ट्रिय गीत मात्र नरहेर देशको भविष्यको संकल्पना पनि हो भनी बताउनुभयो। -

बाईट

**बन्दे मातरम २**

आज देशभरी बन्देमातरम स्मरण समारोहरूको भव्य आयोजना गरियो। लाखौं मानिसहरूले आज सामूहिक र व्याक्तिगत रूपमा बन्दे मातरम गीत गाएर यसको सुन्दर अनि प्रेरक स्मरण गरेको समाचारहरू प्राप्त भईरहेका छन्। यस अवसरमा गोरखाल्याण्ड क्षेत्रिय प्रशासन ईलाकामा केन्द्रिय निकायहरू, कार्यालयहरू, प्रतिष्ठानहरू, कतिपय विध्यालयहरूमा सामूहिक बन्दे मातरम गीत गाएर यसको स्मरण गरियो। आकाशवाणी खरसांग ,आकाशवाणी

सिलगड़ी, आकाशवाणी एफ.एम स्टेशनहरू दार्जीलिङ , कालेबुङ लगायत उत्तर बंगालका सबै स्टशेनहरू अनि दुरदर्शन केन्द्रहरूमा वन्दे मातरम स्मरण कार्यक्रमहरू आयोजित गरियो। ब्रिटिश उपनिवेश विरूद्ध स्वतंत्रता आन्दोलनको मूल मंत्र वन्दे मातरम थियो। बंकिम चन्द्र चट्टोपाध्यायद्वारा लिखित उपन्यास आनन्दमठको प्रमुख गीत हो वन्दे मातरम । भारत स्वतंत्र भएपछि स्वतंत्रमा संगामीहरूको प्रेरणा स्रोत यस गीतलाई राष्ट्रिय गीतको रूपमा मान्यता दिइएको थियो। आज मिरिकमा वन्दे मातरम स्मरण रैली निकालियो भने खरसांगमा सामूहिक वन्दे मातरम गायन कार्यक्रम आयोजित गरियो।

**कोलकाता सिलिगुड़ी ईडी रेड**

प्रवर्तन निदेशालय (ईडी)ले संगठित मानव तस्करी र देह व्यापार रैकेट विरुद्ध ठूलो कारवाहीगर्दैआज कोलकाता र सिलीगुड़ीका आठ ठेकानाहरूमा छापामारी गरेको छ। बार-कम-रेस्टोरेंटको आड़मा मानव तस्करी र देह व्यापारको धन्धा चली रहेको मामिलामा ईडीले यो छापामारी गरेको हो।
ईडीको कोलकाता क्षेत्रिय इकाईले आज एका बिहान देखि नै बिधाननगर, कोलकाता र सिलीगुड़ीमा संदिग्ध अड्डाहरूमा तलाशी अभीयान चलायो।
पश्चिम बंगाल पुलिस द्वारा विभिन्न जगजीत सिंह, अजमल सिद्दीकी, विष्णु मुंद्रा सहित अन्य कई व्यक्तिहरूमाथि अवैध धन्धा चलाई रहेको शिकायतहरू पछि एफआईआर र आरोपपत्रहरू दायर गरिएको आधारितमा ईडीले कारवाही गरेको हो। पुलिसले भारतीय दंड संहिता, आर्म्स एक्ट र अनैतिक व्यापार निवारण अधिनियम (आईटीपीए) अन्तर्गत मुद्दा दायर गरेको थियो जसमा मुद्रा शोधन रोकथाम अधिनियम (पीएमएलए) बमोजिम कारवाही गरिन्छ।
ईडीका एक अधिकारी अनुसार, आरोपीहरूले रोजगार दिने लोभ देखाई कमजोर र खाँचोमा परेका महिलाहरूको शोषण गर्थे अनि उनीहरूलाई देह व्यापारका लागि बाध्य गर्थे तथा बड़ी मात्रामा अवैध धन कमाउंथे। यो अवैध नकदी धनलाई जम्मा गरिर कैयन फर्जी या नियंत्रित कंपनिहरूमा झूठो निवेश देखाई मुद्रा शोधनको काम गरिन्थ्यो, जसको कतिपय ठोस प्रमाणहरू ईडीको हात परेको छ। अधिकारिहरू अनुसार यो धन्धा कई करोड़को हुन्थ्यो। ईडीको यस कारवाहीले सम्पूर्ण रैकेट कै संजाल र आर्थिक लेनदेनको खुलासा हुने संभावनाछ।

**ईसी समीक्षा बैठक**

सहायक चुनाव अयुक्त ज्ञानेश भारतीको अध्यक्षतामा संबोधित पक्षहरूका साथ आयोगको टिमले एसआईआर प्रक्रियाको समीक्षा बैठक गरयो। यो बैठक सिलगड़ीको सरकिट हाऊसमा आयोजित गरिएको थियो। बैठकमा दार्जीलिङ जिल्लामा एसआईआर अभियानको कार्यप्रगतिको समीक्षा गरियो। यस्तै बैठक आ जजलपाईगुड़ीमा पनि सम्पन्न भयो। नोभेम्बरदेखि शुरू भएको एसआईआर अभियानामा बीएलओहरू घर घर गएर ईन्यूमनेशन फर्म वितरित गरिरहेका छन् जसलाई मतदाताहरूले भरेर पूनः बीएलओ हरूलाई जम्मा गर्नु पर्नेछ।एक अधिकारी अनुसार राज्यमा विगत ३ दिनहरूमा ६० लाख भन्दा बढ़ी वितरित गरि सकिएको छ।

**अनित थापा**

पश्चिम बंगाल, सरकारद्वारा राज्यका सबै निम्न उच्च विद्यालयदेखि उच्चत्तर तहसम्मका विद्यालयहरूमा राज्य गीत ‘बागंलार माटी, बागंलार जल' गीत बिहानको प्रार्थना सभाको समय गाइनुपर्ने राज्य सरकारको अध्यादेश जारी गरिएको भएपनि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अलग एवं स्वायत्त व्यवस्था रहेको कारणले उक्त अध्यादेश जीटीएक्षेत्रका विद्यालयहरूमा लागु नहुने गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले बताउनु भयो। उहाँले भन्नुभयो यस अध्यादेशको सन्दर्भमा दार्जीलिङ पहाड़मा विभिन्न प्रकारको चर्चा-परिचर्चाहरू चलिरहेको छ। दार्जीलिङ पहाड़को आफ्नै छुट्टै विशेषता छ। यहाँ विविध भाषा- संस्कृति र परम्पराहरू रहिआएको छ भने दार्जीलिङवासीले हरेक धर्म परम्परालाई सम्मानजनक दृष्टिकोणले हेरिने गरिएको छ। उहाँले अझै भन्नुभयो दार्जीलिङ पहाड़का सबै विद्यालयहरूमा राष्ट्रगीतभन्दा अघि आफ्नै विद्यालय गीत, प्रार्थना गीतहरू गाइने प्रचलन छ र सोही प्रचलनलाई सम्मान अनि मान्यता दिंदै दार्जीलिङ पहाड़का विद्यालयहरूमा आजसम्म जे परम्परा रहिआएको छ सोही परम्परा नै यथावत् रहनेछ।

यसैबीच यस फैसलाको बिरुद्दमा दार्जिलिङका विधायक निरज जिम्बा सभासद अजय एडवार्ड लगायतले आपत्ती जनाईसकेका छन।

## हिमालयन रन एन्ड ट्रेक प्रतियोगिता

विश्व प्रसिद्ध अन्तर्राष्ट्रिय हिमालयन रन एन्ड ट्रेक प्रतियोगिता "एक सय माइलको स्टेज रेस" को ३४ औं संस्करणको आयोजना दार्जीलिङ पहाडको सर्वाधिक उच्च हिमालय क्षेत्र सिहलिला राष्ट्रिय उधान क्षेत्रमा आउँदो ९ नोभेम्बरदेखि १३ सम्म हुँदैछ। यस बर्ष प्रतियोगितामा, प्रतियोगीहरूले पाँच चरणमा १६० किलोमिटरको दूरी पार गर्नेछन् । आउँदो ९ नोभेम्बरको बिहान मानेभञ्ज्याङ्बाट हरियो झन्डा देखाएर रेसको शुरुवात हुनेछ। आयोजक समितिका निर्देशक सीएस पाण्डेका अनुसार -यस वर्ष जर्मनी, अस्ट्रिया, , बेल्जियम, ब्रिटेन, अमेरिका, दक्षिण अफ्रिका, सिंगापुर र भारतका धावकहरूले प्रतियोगितामा भाग लिइरहेका छन्। श्री पाण्डेले यस दौडलाई विश्वको सबैभन्दा लोकप्रिय दौडहरू मध्ये एक, तथा दुनियाकै सर्वाधिक पुरानो रेसहरु मध्ये एक रहेको बताउदै यस प्रतियोगिताको शुरुआत सन् १९९१ मा शुरु भएको जानकारी दिनुभयो। यसको मुख्य उद्देश्य भारतमा बिशेष गरि दार्जीलिङको सिंहलिला राष्ट्रिय उधान क्षेत्रको सांस्कृतिक र पर्यावरण सम्पदाको , संरक्षण , हिमालयको संरक्षण एव प्रचार र प्रवर्द्धन गर्नु हो, जसले भारतलाई साहसिक खेलहरुको लागि विश्व प्रसिद्ध बनाउँन र भावी पुस्तालाई प्रतियोगितासँग जोडिन र स्वच्छ र सुन्दर भारततर्फ काम गर्न प्रेरित गदर्छ।

## आरकेएसपी

सँयुक्त माध्यमिक शिक्षक सङ्गठन , केन्द्रिय समिति, दार्जीलिङ्ग अनि इण्डियन इन्स्टिच्युट अफ साइन्स एजुकेसन अनि रिसर्च, कोलकाताको सँयुक्त तत्वावधानमा आज दार्जीलिङ्ग आरकेएसपी विद्यालयमा अन्तर विद्यालय विज्ञान प्रदर्शनी 2025 सम्पन्न भयो। यसैबीच जीटीए द्वारा प्रायोजित अन्तर उच्च माध्यमिक विद्यालयको विज्ञान प्रदर्शनी केवल एउटा कार्यक्रम मात्रै नभएर यो कल्पनाशक्ति र खोजको उत्सव रहेको जीटीएका प्रमुख कार्यपाल अनित थापाले बताउनुभयो । उहाँले भन्नुभयो विद्यार्थीहरुको जिज्ञासा अनि ज्ञानको संगम हो यो। त्यही जिज्ञासाले एकदिन नयाँ आविष्कार जन्माउँछ। प्रदर्शनीमा मैले विद्यार्थीहरूलाई साना वैज्ञानिकको रूपमा देखे।
कार्यक्रममा विधार्थीहरुद्वारा निर्माण गरिएको रचनात्मक मोडेलहरू लगायतका बस्तुहरुको समेत प्रदसनी समेत गरियो ।

## ऋचा घोष

भारतीय महिला क्रिकेट टिमकी सदस्य ऋचा घोष आज दिउँसो नयाँ दिल्लीबाट आफ्नो गृहनगर सिलिगुडी फर्किएकी छिन् । यसै करमा ठूलो संख्यामा प्रशंसकहरूले फूलको माला, उत्साहजनक नारा र ड्रमको साथ ऋचालाई भव्य स्वागत गरे। उनलाई पारिवारीक सदस्यसगै , सिलिगुडी नगरपालिकाका मेयर गौतम देव, उपमेयर रञ्जन सरकार, सिलिगुडी डिभिजनल काउन्सिलका अध्यक्ष अरुण घोषलगायतले स्वागत गरेका थिए ।

****** ० ******

****** ० ******